# हरिपूर्वा नगरपालिकाको अत्यन्त जरुरी सूचना

स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक सडक ऐन २०३१, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको पत्र तथा हरिपूर्वा नगरपालिकाको प्रथम नगर सभाको निर्णय अनुसार २०७४ फागुन २७ गते देखि २०७४ चैत ११ गते सम्म तपशिल बमोजिमका कार्यहरु गर्न/गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ।

१) सडक सिमा अतिक्रमण गरी बनाईएका संरचनाहरु हटाउनु पर्ने ।
२) सडक एव सडकपेटीमा घुर बाल्न बन्द गर्नु पर्ने ।
३) फागुन २७ गते देखि डिजे बाजा बजाउन पुर्ण रुपमा बन्द गरिएको छ । समाजमा उर्छिङखल तथा बिकृती सृजना गर्ने खालका गीत नबजाउनु पर्ने ।
४) ध्वनी प्रदुषण कम गर्नु पर्ने ।
५) सडक तथा सडकपेटी, सार्वजनिक स्थल तथा खुल्ला ठाउँमा दिशा पिसाब गर्न बन्द गर्नु पर्ने ।
६) सडक तथा सडकपेटी भित्र गाई गोरु, राँगा भैंसी, खसी बाखा तथा अन्य चौपायाहरु नबाँधन र बाँधिएका चौपायाहरु हटाउनु पर्ने ।
७) सडक तथा सडकपेटी भित्र फोहर मैला गर्न, फ्याक्न, गोबर राख्न, पराल राख्न, दाउरा राख्न, निर्माण सामाग्री थुर्पान, तेस्तै अन्य सामाग्री राखि सडक आवागमनमा अबरुद्ध नर्गनु पर्ने ।
८) सकभर पलाष्टिकको झोला प्रयोग नगरौं ।
९) सडक पेटीमा पसल तथा सामाग्री राखी विक्रीवितरण गरेको भए हटाउनु पर्ने ।
१०) सडक एव सडकपेटीको निषेधित क्षेत्रमा सवारीसाधन पार्किङ्ग गरेको भए हटाउनु पर्ने ।
११) सडकमा जथाभावी घरको छत लगायत अन्य पानी निकास गरेको भए हटाउनु पर्ने ।
१२) सडक तथा विद्यालयमा भोजभतेर, मेला जात्रा तथा अन्य कार्यक्रम संचालन गर्न बन्द गर्नु पर्ने ।
१३) बिग्रेका सवारी साधन तथा बयल गाडा लामो समयसम्म सडकमै छाडी राखेको भए हटाउनु पर्ने ।
१४) सडक तथा सडकपेटीमा विभिन्न होर्डिङ्ग बोर्ड, विज्ञापन एव सूचनाहरु टाँसी सडकको स्वरुप विगारेको भए तुरुन्त हटाउनु पर्ने ।
१५) सडक तथा सडकपेटीमा खाल्टो खनी पानी निकास गरेको भए बन्द गर्नु पर्ने ।
१६) वर्कसपले सवारी साधनहरु सडकमा धुने, मर्मत गर्ने तथा मोबिल जथाभावि पोख्ने गरेको भए बन्द गर्नु पर्ने ।

यो कार्यहरु तोकिएको समय भित्र नगरे नगराएमा प्रचलित ऐन नियम अनुसार सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई कारबाही र दण्ड जरिवानागरी नगरपालिका आफैले उक्त कार्य गर्न गराउने छ, यसरी कार्य गर्दा लागेको खर्च सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट असुल उपर गरिने छ ।

हरिपूर्वा नगरपालिकाको यस अभियानमा सहयोग गर्नु हुन सम्पुर्ण जननिर्वाचित प्रतिनिधिहरु, राजनितिक दलहरु, वुद्धिजीवी, नगरिक समाज, सरकारी कार्यालयहरु, विभिन संघ संस्थाहरु, स्वास्थ्य कर्मीहरु, स्वास्थ्य स्वयम सेबिकाहरु, आमा समुहहरु, अन्य समुहहरु, किसान मज्जदुर, व्यापारी उधोगी, व्यवसायीहरु, उद्योग बाणिज्य संघ, शिक्षक बिद्यार्थीहरु, बाल कल्बहरु, सुरक्षकर्मीहरु, लगायत सम्पुर्ण नगर बासीहरुमा बिनम्र अनुरोध गरिन्छ ।

**रुख रोपौ, जीवन जोगाउँ ।**

**आफ्नो घर आँगन चौक गल्ली सडक सफा राखौ, सभ्य नागरिकको परिचय दिउँ ।**

**अनुरोधकर्ता : हरिपुर्वा नगरपालिका, नगर कार्यालयपालिकाको कार्यालय सर्लाही**